सम्पर्क नं. : ०२५५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दुहवीं, सुनसरी
## प्रदेश नं. १, नेपाल

प. स. :- २०७६/०७७

च. नं. :- ३०५३

मिति :- २०७७/०२/१३

बिषय :- खर्च व्यवस्थापन सम्बन्धमा ।

श्रीमान् सचिव ज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ,

प्रस्तुत विषयमा यस कार्यालयको च.नं. २८०१ मिति २०७७/०१/२३गतेको पत्रबाट राहत वितरण तथा क्वारेन्टाइन व्यवस्थापनमा खर्च भएको रकम रू.१५२६३३९४।(अक्षरेपी रू.एक करोड बावन्न लाख त्रिसठी हजार तीन सय चौरान्नबे मात्र) शोधभर्ना निकाशा हुन अनुरोध गरिएकोमा ताँहा मन्त्रालयको च.नं ४५६ मिति २०७७।०१।२९ को पत्रसंग अर्थ मन्त्रालयको च.नं ६९४ मिति ०२७५।१२।२१ को पत्र संलग्न राखी स्थानीय स्तरलाई उपलब्ध गराइएको राजश्व वाडफांड, सामान्यीकरण अनुदान तथा स्थानीय राजश्वको स्रोतवाट प्राप्त रकमबाट खर्च गर्ने निर्देशन भएको छ । ताँहा मन्त्रालयको चं नं.४१८ मिति २०७७।०१।२९ को पत्रसंग गृह मन्त्रालयको पत्र संलग्न राखी स्थानीय स्तरमा क्वारेन्टाइन व्यवस्थापन तथा क्षमता अभिवृद्धि को लागी निर्देशन प्राप्त भएको छ । बन्दाबन्दी पटक पटक थप भएको अवस्थामा स्थानीय संगठित तथा असंगठित क्षेत्रमा कार्यरत मजदुर लगायत बिपन्न परिवारहरूमा रू.८५०००००।(पचासी लाख)को खाद्यान्न निजी क्षेत्रका व्यवसायीबाट बाध्यताबस उधारोमा खरीद गरी दोस्रो चरणमा पुन: राहत वितरण गरिएको छ । राहत वितरण कार्यक्रम निरन्तर संचालन गर्नु पर्ने बाध्यकारी अवस्था थपिदैजाने देखिएको छ । भारत लगायतका देशहरूबाट रोजगार विहीन भइ फर्किने वैदेशिक रोजगारका व्यक्तिहरूको संख्या तिब्र गतिमा बढिरहेकोले कोभिड १९ को संक्रमण भयावह रूपमा फैलिनबाट रोक्न व्यवस्थित क्वारेन्टाइन केन्द्रहरू तत्काल विस्तार गर्नु पर्ने बाध्यता भएको छ । तसर्थ, लक्ष्य बमोजिम केन्द्रबाट प्राप्त हुनु पर्ने राजश्व बांडफांडको रकम रू.१०५४०००००।(दश करोड चौवन्न लाख) मध्ये हाल सम्म रू.४६६०००००(चार करोड छैसठी लाख मात्र) प्राप्त भइ लक्ष्य बमोजिम प्राप्त नभएको तथा स्थानीय राजश्व परिचालन हुन नसकेको हुनाले राहत निरन्तर उपलब्ध गराउनु पर्ने वाध्यता तथा क्वारेन्टाइन क्षमता वृद्धि सहित संचालनको तत्काल आवश्यकताको व्यवस्थापन गर्न, चालु आ.व.मा संचालन भइरहेका योजनाहरूको रकम भुक्तानी तथा जेष्ठ असार महिनाको तलब भत्ता भुक्तानी गर्न नसकिने देखिएको हुदा स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार रू.४(चार) करोड ऋण लिनको लागी स्वीकृति हुन अनुरोध गरेको छु ।

वोधार्थ एवं कार्यार्थ :
१. श्री माननीय मन्त्री ज्यूको निजी सचिवालय,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ,

बेद नारायण गच्छदार
प्रमुख